**मंसिर ४ गतेको राष्ट्रिय आर्थिक बहसका लागि**
**अध्यक्ष श्री भवानी राणाको स्वागत मन्तव्य**

**नेपाल कम्युनिष्ट पार्टी एमालेका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यू**
**नेपाली कांग्रेसका नेता एवं पूर्व अर्थमन्त्री डा. रामशरण महतज्यू**
**नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रका नेता एवं उपप्रधानमन्त्री श्री कृष्णबहादुर महराज्यू**
**राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष एवं उपप्रधानमन्त्री श्री कमल थापाज्यू,**
**संघीय समाजवादी फोरमका उपाध्यक्ष श्री राजेन्द्र श्रेष्ठज्यू**
**राजनीतिक दलका नेताज्यूहरू**
**माननीय मन्त्रीज्यूहरु,**
**नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्षज्यूहरू**
**सचिवज्यूहरु**
**महासंघका पदाधिकारी साथीहरू, कार्यकारिणी समितिका साथीहरू,**
**पूर्व पदाधिकारी साथीहरू**
**उद्यमी व्यवसायीहरू**
**His Excellencies and Development Partners**
**विशिष्ट अर्थविदहरु, पूर्व प्रशासकज्यूहरु,**
**सरोकारवाला निकायका प्रतिनिधिज्यूहरू**
**संचारमाध्यमका प्रतिनिधिज्यूहरू**

**सबैमा हार्दिक स्वागत अभिवादन !**

१. राजनीतिक दलका शीर्षस्थ नेताज्यूहरूको अत्यन्त व्यस्त समयमा हामीले यहाँहरूलाई बोलाएका छौं ।

२. जनताको घरदैलोमा पुगेर आफ्ना योजना तथा कार्यक्रम मार्फत् जनमत माग्नु पर्ने बेलामा तपाईहरूसँग करिव २ घण्टा जति यो हलभित्र बसेर निजी क्षेत्रले तपाईहरूबाट अपेक्षा गरेका कुराको प्रतिबद्धता लिने प्रयास हो यो हाम्रो,

३. विगतमा द्वन्दका कारण आर्थिक व्यवसायिक वातावरण अत्यन्त जीर्ण भएको अवस्थामा होस्, समयमा संविधान जारी नभएर मुलुकनै गम्भीर संवैधानिक संकटतर्फ जाने होकि भन्ने खतरा पैदा भएको समयमा होस, शान्ति सुरक्षाको अवस्था अत्यन्त पेचिलो हुन

पुगेको अवस्थामा होस् वा दलहरू बीच राजनीतिक मतान्तर उच्च हुन गई मुलुकनै ठप्प हुने परिस्थिति सृजना भएको अवस्थामा होस्, राजनीतिक दलहरूलाई सचेत गराउँदै उनीहरूलाई एकै थलोमा भेला गराई समस्या समाधानमा नेपाल उद्योग वाणिज्य महासंघले ऐतिहासिक भूमिका निर्वाह गरेको साक्षी आम नेपाली छन् ।

४. हामीले विगतमा गरेका **"निर्णायक बहस"** होस् वा संविधान समयमा जारी गर्न दलहरूलाई दवाव दिन आयोजना गरेको **"संवैधानिक बहस"** वा शान्ति सुरक्षाको पूर्ण प्रत्याभूतिको माग सहित काठमाडौंमा पटकपटक जनसागरनै ओरालेर आयोजना गरेको **"शान्ति र्‍याली"** ती कार्यक्रमहरुले मुलुकलाई सकुशल आजको अवस्थामा ल्याउन निर्वाह गरेको भूमिका र ती कार्यक्रमका गुरूत्वका बारे मैले यहाँ भनिरहनु पर्दैन । महासंघले निर्वाह गरेका ऐतिहासिक जिम्मेवारीका ती दिनहरू स्मरण गर्न शीर्षस्थ नेताज्यूहरूमा अनुरोध गर्दछु । राजनीतिक दलहरूले अगाडि बढाएका गणतन्त्र स्थापनाको महान अभियानमा महासंघकै अगुवाईमा निजी क्षेत्रले साथ दिएकै हो ।

५. हाम्रा प्रयासहरूका बारे स्मरण गराउंदै मुलुकले प्राप्त गरेको राजनीतिक उपलब्धीलाई सँस्थागत गर्नुपर्ने अबको अभिभारा यहाँहरूको काँधमा छ । मुलुकभित्र नयाँ संविधान लागू भएको छ । नयाँ संविधानलाई अक्षरशः पालना गरी संविधानले परिकल्पना गरेको **समृद्ध नेपाल** निर्माणलाई साकार पार्ने भनेको आर्थिक विकासलेनै हो । जति मुलुकलाई समृद्ध बनाउन सक्यौं, त्यति हामी नेपालीको इज्जत बढ्ने हो, विश्वमा तपाईहरूको नाउँ रहने हो ।

६. स्थानीय तहको निर्वाचन सम्पन्न भई जनप्रतिनिधिहरूले आफ्नो कार्यभार सम्हाली सकेका छन् । प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन अवको एक हप्तापछि शुरू हुँदैछ । सबै चरणको निर्वाचन पश्चात् संक्रमणकालको अन्त्यसँगै नयाँ संविधानको पूर्ण कार्यान्वयन सहित मुलुकले आर्थिक विकासको मार्ग पछ्याउने हाम्रो आशा एवं विश्वास छ ।

७. मुलुकको अर्थतन्त्रको यथार्थ अवस्था मैले यहाँ भनिरहनु पर्दैन । मुलुक चलाइरहनु भएका यहाँ नेताज्यूहरूलाई हामीलाई भन्दा राम्रोसँग थाहा छ । हिजोअस्ति मात्र सार्वजनिक भएको एक आर्थिक

तथ्यांकले चालु आर्थिक वर्षको पहिलो तीन महिनामै मुलुकको व्यापार घाटा ३ खर्व नजिक पुगेको देखाएको छ । हाम्रो आर्थिक अवस्थाका बारेमा प्रस्तुत तथ्यांकनै काफी छ ।

८. विगत एक डेढ वर्षयता अर्थतन्त्रका केही परिसूचकहरू सकारात्मक दिशातर्फ देखिएका छन् । यद्यपी हाम्रा उद्योग व्यवसायको जीर्ण अवस्था, निर्यातमूलक वस्तुहरूको अवस्था, पटकपटक आयात निर्यातमा व्यवसायीहरूले भोग्नु परिरहेका पीडा, हाम्रो कमजोर प्रतिस्पर्धात्मक क्षमता, पूर्वाधारको दयनीय अवस्थाले ती सकारात्मक परिसूचकलाई दीगो राख्न सक्छौं कि सक्दैनौ भन्ने प्रमुख चुनौती हाम्रा सामुन्ने छ ।

९. यस पृष्ठभूमीमा पछिल्लो पटक सवै राजनीतिक दलहरूले मुलुकको समृद्धि र समृद्धिका लागि अर्थतन्त्रको विकास भन्ने कुरालाई स्वीकार गरिसकेका छन् । दलहरूको राजनीतिक दस्तावेज र चुनावी घोषणापत्रमा समेत आर्थिक विषय वस्तुले उच्च प्राथमिकता पाउनु मुलुकका लागि सुखद् कुरा हो ।

१०. निर्वाचनका लागि जनतासम्म पुर्‍याएका यहाँहरूका घोषणापत्रमा उल्लेख गरिएका विकासका कार्यक्रम तथा परिकल्पना अत्यन्त सराहनीय छन् । जलस्रोत, कृषि, पर्यटन, पूर्वाधार विकासमा निकै धेरै योजना तथा कार्यक्रमहरु आएका छन् । कतिपय योजना तथा कार्यक्रम हाम्रा स्रोत साधन, अर्थतन्त्रको आकार समेतलाई विश्लेषण गर्दा सम्भव छैनन कि ?  कतिपय हाम्रा कल्पना भन्दा बाहिरका पनि हुन कि ? भन्ने निजी क्षेत्रको वुझाई छ । यी घोषापत्र तयार गर्दा आर्थिक विषयवस्तुसँग सरोकार राख्ने हामी निजी क्षेत्रसँग सँस्थागतरुपमा परामर्श हुन सकेको भए अझ बढी व्यवहारिक हुने थियो ।

११. राजनीतिक दलहरूले घोषणापत्रमा उल्लेख गरेका आर्थिक एजेण्डालाई निर्वाचन पश्चात् कार्यान्वयनमा लैजान दलहरूबाट प्रतिबद्धता लिने उद्देश्यले महासंघले सबै सरोकारवालाहरूको उपस्थितिमा यहाँहरुलाई राखेर यो कार्यक्रमको आयोजना गरेको हो । हाम्रो यो कार्यक्रम मार्फत्  यहाँहरूका विचारलाई यतिखेर मुलुकका सबै नेपाली जनताहरूले प्रत्यक्षरूपमा हेरिरहेका छन, सुनिरहेका छन् ।

१२. नेतृत्वमा रहने हामी सबैबाट नेपाली जनता खासगरी युवा पुस्ताले निकै ठूलो आशा गरिरहेका छन् । हाम्रै जीवनकालमा मुलुक सृमद्ध भएको हेर्ने चाहाना हामी सबैको छ । नयाँ पुस्तालाई एउटा समृद्ध नेपाल, स्थिर नेपाल दिएर जान सकियो भने मात्र यहाँहरूको राजनीतिक जीवन सफल भएको मानिने छ ।

१३. यसर्थ निर्वाचन पश्चात मुलुकलाई आर्थिक विकासको मार्गमा अगाडि बढ्ने बलियो प्रतिवद्धता यहाँहरूबाट हामीले कार्यक्रम मार्फत खोजेका छौं । साथै यहाँहरूबाट निजी क्षेत्रले खोजेको राजनीतिक स्थिरता, नीतिगत स्थिरता, आर्थिक अधिकारको सुनिश्चितता, संघीयतापछिको कर प्रणालीमा स्पष्टता, उद्योग व्यवसाय विकासको वाधकरुपमा देखा परेको कालोबजारी ऐन जस्ता अव्यवहारिक ऐन कानूनहरुमा स्पष्टता, आर्थिक विकासमा साझा प्रतिबद्धतानै हो । कार्यक्रम मार्फत हामीले मुलुकको पछिल्लो आर्थिक अवस्थाप्रति दलहरूलाई सचेत गराउने, जनतासँग विकासका मुद्दामा दलहरूले गरेका प्रतिबद्धताहरू पुरा गराउन ध्यानाकर्षण गराउने र आर्थिक मुद्दालाई प्राथमिकतामा राख्न दवाव दिन खोजेका हौं ।

१४. नीतिगत सुधारहरूको व्यापक पहल, अभूतपूर्व स्वदेशी तथा विदेशी पूँजीको परिचालन, चुस्त आर्थिक व्यवस्थापन र असल शासनको प्रत्याभूति सुनिश्चितता, आर्थिक समृद्धि, गरिबी, बेरोजगारी, असमानता एवं परनिर्भरताको अन्त्य, आत्मनिर्भर अर्थतन्त्रको विकास, भ्रष्टाचारमा शुन्य सहनशीलता जस्ता यहाँहरुको प्रतिवद्धताको पूर्ण कार्यान्वयनको अपेक्षा हामी निजी क्षेत्रले गरेका छौं ।

१५. निर्वाचन पश्चात सरकारमा जाने र प्रतिपक्षमा बस्ने भनेको यहाँहरूनै हो । सरकारलाई आर्थिक मुद्दामा एक कदम अगाडि बढाउन निरन्तर दबाब दिने भूमिका प्रतिपक्षबाट हुनुपर्दछ । विकास र आर्थिक मुद्दामा समान धारणा बनाई नेपाललाई एउटा समृद्धशाली देश बनाउने अभियानमा एउटा असल सरकार र प्रतिपक्षको भूमिका यहाँहरुबाट निर्वाह हुने अपेक्षा हामीले गरेका छौं ।

१६. हाम्रो आशा एवं विश्वास छ, यहाँहरूले राजनीतिका सवै मत-मतान्तरलाई छाडेर निर्वाचन पश्चात् देशलाई आर्थिक विकासको स्पष्ट मार्ग दिशा दिन, समृद्धिको मार्गमा लैजान एउटा वातावरण दिन सक्नु हुनेछ । सवै नेपालीलाई आर्थिक विकासको एक सुत्रमा अगाडि बढाउन सफल हुनुहोस ।

**आदरणीय शीर्षस्थ नेताज्यूहरुलाई हाम्रो शुभकामना ! धन्यवाद ।**

**मंसिर ४ गतेको राष्ट्रिय आर्थिक बहसका लागि**
**वरिष्ठ उपाध्यक्ष श्री शेखर गोल्छाको समापन मन्तव्य**

कार्यक्रमका सभापति एवं महासंघका अध्यक्षज्यू, यस कार्यक्रममा राजनीतिक दलका महत्वपूर्ण नेताज्यूहरु, नेपाल कम्युनिष्ट पार्टी एमालेका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यू, नेपाली कांग्रेसका नेता एवं पूर्व अर्थमन्त्री डा. रामशरण महतज्यू, नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रका नेता एवं उप प्रधान श्री कृष्ण बहादुर महाराज्यू, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष एवं उपप्रधानमन्त्री श्री कमल थापाज्यू, संघीय समाजवादी फोरमका उपाध्यक्ष श्री राजेन्द्र श्रेष्ठज्यू यहांहरुको महत्वपूर्ण सहभागिताका लागि महासंघको तर्फबाट विशेष धन्यवाद दिन चाहान्छु ।

आर्थिक विकासमा राजनीतिक दलका नेताज्यूहरुबाट प्रतिवद्धता लिन आयोजना गरिएको हाम्रो यो कार्यक्रमलाई सफल पार्न यहाँ उपस्थित राजनीतिक दलका नेताज्यूहरू, माननीय मन्त्रीज्यूहरु, नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्षज्यूहरू, नेपाल सरकारका सचिवज्यूहरु, महासंघका पदाधिकारीज्यूहरु, कार्यकारिणी समितिका साथीहरू, पूर्व पदाधिकारीज्यूहरु, उद्यमी व्यवसायीहरू, Excellencies and Development Partners, विशिष्ट अर्थविदहरु, पूर्व प्रशासकज्यूहरु, सरोकारवाला निकायका प्रतिनिधिज्यूहरू, संचारमाध्यमका प्रतिनिधिज्यूहरूमा पनि हार्दिक धन्यवाद दिन चाहान्छु । यहांहरुको यस महत्वपूर्ण उपस्थिति र अर्थपूर्ण सहभागिताका कारणनै हाम्रो कार्यक्रम सफल भएको हामीले ठानेका छौं ।

निर्वाचनको पूर्व सन्ध्यामा आआफ्ना चुनावी क्षेत्रमा जनता समक्ष जनमत माग्न व्यस्त रहनु भएका नेताज्यूहरु हाम्रो निमन्त्रणालाई स्वीकार गरी आइदिनु भयो । पूर्वको झापा जिल्लामा आफ्ना चुनावी प्रचार अभियानमा रहनु भएका नेकपा एमालेका अध्यक्षज्यू हाम्रै कार्यक्रमका लागि सिधै यहां आउनु भई आर्थिक मुद्दामा आफ्नो दलको प्रतिवद्धता जनाई दिनु भयो । आफ्नो गृह जिल्ला नुवाकोटमा रहनु भएका नेपाली कांग्रेसका नेता एवं पूर्व अर्थमन्त्री डा. महत पनि सिधै कार्यक्रममा आउनु भई निजी क्षेत्र बीच आफ्नो दलको प्रतिवद्धता जनाउनु भयो ।

त्यस्तै माओवादीका केन्द्रीय नेता महाराज्यू, राप्रपाका अध्यक्ष एवं उपप्रधानमन्त्री श्री कमल थापाज्यू, संघीय समाजवादी फोरम नेपालका उपाध्यक्ष श्री राजेन्द्र श्रेष्ठज्यूबाट आर्थिक मुद्दामा दलको प्रतिवद्धता व्यक्त भयो । यसले निजी क्षेत्रमा अव एक किसिमको आशाको संचार भएको छ । आर्थिक मुद्दामा यहाँहरुको गम्भीरताले भोलीको सुखद दिनको कल्पना गर्न सकिन्छ ।

राजनीतिक रुपमा नेपाल निकै अगाडी बढेको छ । निकै धेरै उपलव्धी हामीले हात पारेका छौं । हाम्रो यो उपलव्धीलाई संसारले समेत तारीफ गरेको सुन्न पाइन्छ । तर प्राप्त उपलव्धीलाई सँस्थागत गर्ने चुनौती भने अव यहाँहरु समक्ष आएको छ ।

आम जनतालाई दिनभरी काम गरेर साँझ विहान एक छाक आनन्दसँग खाने वातावरण बनाउन नसकेसम्म राजनीतिक उपलव्धीले मात्र हामी अगाडी बढ्न सक्दैनौं । राजनीतिक उपलव्धीलाई संस्थागत गर्ने कार्य आर्थिक विकासले मात्र गर्न सक्दछ । मुलुकभित्र पर्याप्त उद्योगधन्दाहरु खोल्न सक्यौ, रोजगारी सृजना गर्न सक्यौ, विदेशी लगानी तथा प्रविधि आकर्षण गर्न सक्यौं र आम जनतालाई अव मेरै देशभित्र म कामगरेर बाँच्न सक्छु, कामका लागि अव म विदेशीनु पर्दैन भन्ने विश्वास दिलाउन सक्यौ भने मात्र हामीले लडेर पाएको राजनीतिक उपलव्धी दीगो हुन सक्दछ ।

यहाँहरुले घोषणापत्र मार्फत कोर्नु भएका विकासका योजनाहरु, विकासका परिकल्पनाहरु निकै धेरै आकर्षित छन् । आधुनिक कृषिदेखि उद्योग कलकारखाना विस्तारसम्म, वुलेट ट्रेनदेखि हजारौं मेगावाट विद्युत निकाल्ने सम्म, द्रूतमार्गदेखि सुरूङ मार्गसम्म, स्मार्टसिटीदेखि हिमालयका फेदसम्म यातायात संजाल विस्तारसम्म, प्रतिव्यक्ति आयमा वढोत्तरी देखि मुलुकको अर्थतन्त्रको आकार वृद्धिसम्मका निकै आकर्षक योजनाहरु घोषणापत्रमा समेटिएका छन् ।

व्यापार घाटा निरन्तर बढीरहेको, निर्यात व्यापार निरन्तर ओरालो लागिरहेको, भएका पूर्वाधारहरु जीर्ण हुंदै गएको, अर्थतन्त्र पूर्णत विदेशीएका जनताले पठाएको पैसामा टिकेको, विदेशी मुद्रा आर्जनको प्रमुख स्रोतको रुपमा रहेको पर्यटन क्षेत्र भुकम्पछि हालसम्म पनि टेकोमा अडिएको, आम जनताको दैनिक जीवन वर्षेनी कष्टकर हुंदै गएको पृष्ठभूमीमा दलका घोषणापत्र मार्फत आएका यी योजनाहरुले आम नेपाली जनतामा सुखद भविष्यको अनुभुति त गराएको छ साथै राजनीतिक नेतृत्व प्रतिवद्ध भएन कतै यी कोरा कल्पनामात्र त हुँदैनन

भन्ने आशंका पनि त्यत्तिकै व्याप्त छ । यसर्थ ती योजनाहरुलाई मूर्तरुप दिन तपाईहरुमा पूर्ण इच्छाशक्तिको खाँचो छ । निजी क्षेत्रले यहाँहरुबाट त्यही अनुसारको त्याग र इच्छाशक्तिको अपेक्षा गरेको छ । वातावरण भयो भने काम गर्ने निजी क्षेत्र त तपाईहरुको साथमै छ ।

संसारका अति विकसित देखि विकसित देशले अपनाएका राजनीतिक मोडल हामीले पाएका छौं । अव मुलुकभित्र कुनै political issues छैन । अव हामीसँग issues छन् त केवल आर्थिक विकासको मात्र । अव राजनीति भन्दा पनि आर्थिक नीतिले चर्चा पाउने वातावरण बनाउनु पर्ने जिम्मेवारी छ यहाँहरुको काँधमा । त्यही अनुसारको नीतिगत सुधार, बाह्य लगानी आकर्षणमा आक्रामक योजना, विकास योजनाहरुलाई राजनीतिबाट टाढा राख्ने प्रतिवद्धता, समयमा काम सम्पन्न गर्ने परिपाटीको थालनी, वेथितिको अन्त्य, भ्रष्टाचारमा शुन्यसहनशीलता, विकासका हरेक योजनामा निजी क्षेत्रको अर्थपूर्ण सहभागिता हामीले दलहरुबाट खोजेका छौं । कार्यक्रममा यहाँहरुबाट व्यक्त विचार तथा निजी क्षेत्रलाई साथै लैजाने प्रतिवद्धताबाट हामी अत्यन्त आशावादी भएका छौं ।

निर्वाचन पश्चात तपाईहरु मध्येबाटै कोही सरकारमा जाने हो भने कोही प्रतिपक्षमा बस्ने । जनता समक्ष गरेका प्रतिवद्धता, घोषणापत्र मार्फत जनतामा दिनु भएको विकासको आस्वासन, समृद्धिको लोभ र भोकबाट जनतालाई सन्तुष्टी दिलाउन यहाँहरु राजनीतिक सहमती र सहकार्यबाट अगाडी बढ्नु हुने हाम्रो पूर्ण विश्वास छ ।

निर्वाचनमा तपाईहरुलाई भोट हाल्ने भर्खरको प्रौढले उसले कुनै राजनीति वुझेको हुने छैन, उसले तपाईहरुका घोषणापत्रमा राखेका विकासका कार्यक्रम तथा योजना पढी आफ्नै देशमा केही हुने सुखद भविष्यको परिकल्पना गरेर तपाईहरुलाई भोट हालेको हुनेछ, त्यस्ता लाखौं यूवाको सुखद भविष्य साकार बनाउने अभियानमा तपाईहरु लाग्नु होस, यहाँहरुलाई मुलुकले जुगौंजुग सम्झीरहने, पूजीरहने कार्य गर्नुहोस । हाम्रो सदैव दरिलो साथ र शुभकामना छ ।

**अन्त्यमा,**
कार्यक्रम आयोजनाका लागि निकै मेहनत गर्नु भएका महासंघका कर्मचारी साथीहरु, कार्यक्रममा प्रभावकारी रुपमा मोडरेटरको भूमिका निर्वाह गरि हामीलाई सहयोग गर्ने पत्रकार श्री टिकाराम यात्रीजी, कार्यक्रमलाई प्रत्यक्ष

प्रसारण गरि देशैभर पुऱ्याउन हामीलाई सहयोग गर्ने न्यूज २४ टेलिभिजन, इमेज च्यानल टेलिभिजन र एपीवान टेलिभिजन परिवारलाई विशेष रुपमा धन्यवाद दिन चाहान्छु। महासंघले अगाडी बढाएका कार्यक्रमलाई सदैव दरिलो साथ दिने सवै संचार माध्यमहरु, हामीलाई हल उपलव्ध गराई सहयोग सोल्टीक्राउन प्लाजा, साउण्ड, लाइट र स्टेज सजावटमा सहयोग गर्ने आरएसएसलाई धन्यवाद दिन चाहान्छु।

अन्त्यमा यहांहरु आइदिनु भयो, महत्वपूर्ण विचार राखीदिनु भयो निजी क्षेत्रको संघीय प्रतिनिधिमुलक संस्था नेपाल उद्योग वाणिज्य महासंघ यहांहरु सवैप्रति हार्दिक धन्यवाद दिन चाहान्छ।

धन्यवाद।